# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६ संख्या ६ माघ २०८०**

## भाग-२

## शिवसताक्षी नगरपालिकानगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०-०९-२९**
**प्रमाणिकरण मितिः २०८०-११-०३**

**प्रस्तावना** : शिवसताक्षी नगरपालिका को खेलकुक विकास, प्रवर्धन र संरक्षणको लागि खेदकुदका माध्यमबाट शारीरिक स्वास्थ्य, मानसिक शान्ती, बौद्धिक विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम शिवसताक्षी नगरपालिका नगरकार्यपालिको मिति २०८०/०९/२९ गतेको बैठकबाट " **नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०"** स्वीकृत गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **"नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि ,२०८०"** रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

### परिच्छेद-२

## परिभाषा

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिकालाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले शिवसताक्षी नगरपालिका "नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०८० " सम्झनु पर्छ ।

(ग) "नगर खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा " नगर खेलकुद समिति" भनिनेछ ।

(घ) "संयोजक" भन्नाले नगर खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले नगर खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य-सचिव" भन्नाले शिक्षा शाखा प्रमुख वा सो काम गर्न निजले तोकेको व्यक्ति सदस्य-सचिव सम्झनुपर्छ ।

(छ) "प्रमुख " भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ज) "उप-प्रमुख" भन्नाले शिवसताक्षी नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ

(झ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख · प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) वडा खेलकुद विकास समिति भन्नाले दफा ११ बमोजिमको समिति सम्झनुपर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ठ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ड) "प्रशिक्षक" भन्नाले शिवसताक्षी नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक , टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(ढ) " प्रशिक्षार्थी" भन्नाले शिवसताक्षी नगरपालिकाद्वारा सञ्चालित खेदकुद प्रशिक्षणमा सहभागी खेलाडी , खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(ण) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार अनुदान , सम्मान, प्रशंशापत्र, पुरस्कारलाई सम्झनु पर्दछ ।

## परिच्छेद- ३

## नगर खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**३. नगर खेलकुद विकास समितिको गठन :**

खेलकुदको विकास गर्नको लागि शिवसताक्षी नगरपालिकामा देहाय बमोजिमको १३ सदस्यीय "खेलकुद विकास समिति" को गठन हुनेछः-

(क) शिवसताक्षी नगरपालिकाको प्रमुख वा प्रमुखले तोकेको व्यक्ति - संयोजक

(ख) विभिन्न विधाका खेलकुदका विज्ञहरु मध्येबाट नगर प्रमुखबाट मनोनित २ जना महिला सहित ४ सदस्य

(ग) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट शिवसताक्षी नगरपालिका प्रमुखबाट मनोनीत कम्तीमा एकजना महिला सहित ३ जना-सदस्य

(घ) नगर स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालय शिक्षक मध्येबाट नगर प्रमुखद्वारा मनोनित २ जना -सदस्य

(छ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख वा निजले सो काम गर्न तोकेको कर्मचारी -सदस्य सचिव

**४. समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।**

**५. नगर खेलकुद विकास समितिको मातहतममा प्रत्येक वडामा एक वडा खेलकुद विकास समिति गठन हुनेछ ।**

**६. खेलकुद विकास समितिको काम , कर्तव्य र अधिकार : खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) नगर स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउन सहजिकरण गर्ने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने/गराउने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा प्रशिक्षणमा भाग लिन खेलाडी , समितिका सदस्यहरुलाइ तथा अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघमा पठाउन संयोजकले सिफारिस गर्ने,

(छ) स्थानीय सरकारलाई विभिन्न प्रकारका खेलकुदहरुको दिगो र भरपर्दो विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(जं) खेलकुद संम्वन्धी क्लव , संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(झ) खेलकुदको विकासको लागि नगर तथा वडाको खेलकुद मैदानको संरक्षण तथा रेखदेख गर्ने,

(ञ) खेलाडीहरुको स्तरबृद्धि गर्न श्रोतको उपलब्धता हेरी आवश्यकतानुसार प्रशिक्षकहरुबाट प्रशिक्षण गराउने व्यवस्था गर्ने ।

(ट) नगर भित्रका खेलाडीहरुलाई प्रोत्साहनका लागि छात्रवृत्ति प्रदान गर्न सिफारिश गर्ने ।

(ठ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अशक्त हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न विभिन्न तालिम तथा प्रतियोगिता प्रतिनिधिमुलक सहभागिता गराउने ।

(ड) टोल तथा वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

(ढ) खेलकुद मार्फत रोजगारीका प्रवर्धनका लागि आवश्यक पहल गर्ने

(ण) खेलकुदको विकासको लागि रचनात्मक कार्यहरु गर्ने/गराउने ।

## ७. संयोजक र सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

### ७.१ संयोजकको काम कर्तव्य र अधिकार

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकको मिति, समय र स्थान तोक्ने,

(ग) बैठकको कार्यसूची तय गर्ने,

(घ) समितिसँग सम्बन्धित विषयमा अन्तर विषयगत समिति र अन्तर निकायगत समन्वय गर्ने,

(ङ) सदस्यहरुको जिम्मेवारी बाँडफाँट गर्ने,

(च) खेलसँग संबन्धित विषयहरुमा सहभागिता, प्रशिक्षणमा खेलाडी, टिम, क्लबलाइ सिफारिस गर्ने

### ७.२ सदस्य सचिवको काम कर्तव्य र अधिकार

(क) समितिको सचिव भई काम गर्ने,

(ख) संयोजकको निर्देशन अनुरूप बैठकको कार्यसूची तथा प्रस्ताव तयार गरी सदस्यहरुलाई पत्राचार गर्ने,

(ग) सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण गरी समितिको बैठकमा पेस गर्ने,

(घ) समितिको समग्र कार्यको प्रभावकारिताकालागि कार्ययोजना तर्जुमा गर्ने र कार्यान्वयनको निमित्त प्रस्ताव तयार गरी समितिमा पेस गर्ने,

(ङ) समितिको कार्यसम्पादन प्रतिवेदन तयार गरी बैठकमा पेस गर्ने,

(च) समितिको कामकारबाही तथा बैठकका निर्णयसँग सम्बन्धित विषयको अभिलेख राख्ने,

(छ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ज) समिति वा संयोजकले तोकेका अन्य कार्य गर्ने।

### ७.३ सदस्यहरुको काम कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित भइ आफ्नो राय सुझाव र धारणा राख्ने,

(ख) आफूलाई तोकिएको कार्यजिम्मेवारी निर्वाह गर्ने,

(ग) समिति वा संयोजकले तोकेका अन्य कार्य गर्ने

**८. समितिका सदस्यहरुको पदावधि :**

(१) मनोनीत सदस्यहरुको पदावधि ३(तीन) वर्षको हुनेछ | पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको दुइ तिहाइ बहुमतको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । हटाउनुपर्व सम्बन्धित सदस्यलाई एकपटक सफाई दिने मौका दिइनेछ ।

**९. सदस्यको अयोग्यताः**

देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मगज विग्रेको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

**१०. सदस्यता समाप्त हुने अवस्था :**

देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ९ बमोजिम सदस्यमा बहाल नरहेमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) सदस्यको मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

**११. नगर खेलकूद समिति अन्तर्गत रहने गरि प्रत्येक वडामा देहाय बमोजिमको खेलकूद समिति गठन गरिनेछ।**

क) वडा अध्यक्ष वा निजले सो काम गर्न तोकेको व्यक्ति — संयोजक

ख) वडा समितिले मनोनयन गरेको खेलकूद क्षेत्रमा विशिष्ट योगदान पुर्याएको सम्बन्धित वडाको व्यक्ति१(एक) जना — सदस्य

ग) वडा सदस्य मध्येबाट वडा समितिले मनोनयन गरेको १ जना                सदस्य

घ) वडा खेलकुद समितिको सिफारिसमा वडा समितिले मनोनयन गरेको विभिन्न खेलकुद विधासँग सम्बन्धित २ (दुई) महिला सहित ३ जना                सदस्य

ङ) वडा सचिव वा निजले सो काम गर्न तोकेको कर्मचारी                सदस्य सचिव

नोटः यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति अगावै गठन भइसकेका वडा खेलकुद विकास समिति यसै अनुरुप गठन भएको मानिनेछ ।

## परिच्छेद-४

### १२. समितिको बैठक र निर्णय :

(१) संयोजकबाट निर्देशन अनुसार सदस्य-सचिवले मिति , समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा संयोजकले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक सामान्यतया प्रत्येक १/१ महिनामा बस्नु पर्नेछ । बैठक वर्षको कम्तीमा १२ पटक नघटने गरी आवश्यकता अनुसार जतिपटक पनी बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले २१ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ। ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ।

८) समितिको बैठकमा चियाखाजा खर्च र बैठक भत्ता (बढिमा मासिक १ पटक) प्रचलित नियमानुसार हुनेछ ।

### १३. समितिको बैठक र निर्णय

(१) संयोजकबाट निर्देशन अनुसार सदस्य-सचिवले मिति , समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक सामान्यतया प्रत्येक २/२ महिनामा बस्नु पर्नेछ । वैठक वर्षको कम्तीमा ६ पटक नघटने गरी आवश्यकता अनुसार जतिपटक पनी बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले २१ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ। ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ।

**१४. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने :**

(१) समितिले खेलकुद सम्बन्धी सुचिकृत भएका संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी सघसंस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्था /जिम्मेवार पक्षको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्था/जिम्मेवार पक्षलाई दिनु पर्नेछ ।

**१५. कार्यक्रम तथा बजेट :**

खेलकुद विकास प्रवद्धर्नको लागि शिवसताक्षी नगरपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

विविध

**१६. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।**

**१७. समितिको प्रतिवेदन वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।**

**१८. बाधा अडकाउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा कुनै अस्पस्टता भएमा सो को ब्याख्या गर्ने अधिकार शिवसताक्षी नगरपालिकालाई हुनेछ ।

**१९ . संशोधन :**

यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**

**अमृत बहादुर राई**

**प्रमुख प्रशासकीय अधिकृत**